निर्णय नं. १

बजेट वक्तव्यमा उल्लेखित नीति, बजेट तथा कार्यक्रम स्वीकृत र अनुमोदन गर्ने निर्णय गरियो ।

"पर्यटन विकास अर्थतन्त्रको आधार"

"सामाजिक विकास र समुन्नत पूर्वाधार"

## आर्थिक वर्ष २०७४/०७५ को नीति, बजेट तथा कार्यक्रम बजेट वक्तव्य

श्रीमान यस सभाका सभापती तथा लोमन्थाङ गाउँपालिकाका अध्यक्ष श्री [illegible] कुमार बिष्टज्यू
विशिष्ट अतिथि बारागुङ गाउँपालिका अध्यक्ष श्री [illegible] बिष्टज्यू
विशिष्ट अतिथि इलाका प्रशासन कार्यालयका कार्यालय प्रमुख श्री [illegible]ज्यू
जननिर्वाचित गाउँसभाका सम्पूर्ण पदाधिकारीज्यूहरु
नेपाली काँग्रेसका प्रतिनिधिज्यू,
नेकपा एमालेका प्रतिनिधिज्यू,
नेकपा माओवादी केन्द्रका प्रतिनिधिज्यू,
राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रतिनिधिज्यू,
लोमन्थाङ गाउँपालिकाका कार्यकारी अधिकृतज्यू,
विषयगत कार्यालयका प्रमुखज्यूहरु वा प्रतिनिधिज्यूहरु,
विद्यालय तथा गुम्बाका प्रधानाध्यापकज्यूहरु,
नागरिक समाजका अगुवाज्यूहरु,
गाउँ मुखियाज्यूहरु,
गैर सरकारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु,
युव क्लबका अध्यक्ष तथा प्रतिनिधिहरु,
आमा समुहका अध्यक्षज्यूहरु वा प्रतिनिधिज्यूहरु,
उपस्थित सम्पूर्ण महानुभावहरु,

सर्वप्रथमत, नेपालमा संघीय, लोकतान्त्रिक, गणतन्त्रात्मक संविधानबमोजिम भएको स्थानीय तहको निर्वाचन मार्फत आफ्नो मतको उपयोग गरी हामीलाई जनप्रतिनिधिको रुपमा यस लोमन्थाङ गाउँपालिकामा चयन गरी कार्य गर्ने सुवर्ण अवसर प्रदान गर्नु भएकोमा स्थानीयवासीहरु सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यस अवसरमा विभिन्न आन्दोलनमा देश र जनताको लागि संघर्ष गर्दै जीवन बलिदान गर्ने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु साथै राजनीतिक सामाजिक परिवेशमा आफ्नो ज्यानको बाजी राखी संघर्ष गर्ने र नेतृत्व लिने सबै आन्यवर, अग्रज र आदरणीय व्यक्तित्वहरु प्रति आदारभाव सहित सम्मान प्रकट गर्न चाहन्छु ।

स्थानीय तह निर्वाचन संगै पहिलो पटक स्थानीय तहको माग चाहना र आवश्यकता बमोजिम आ.व. ०७४/७५ को नीति बजेट तथा कार्यक्रम यस गरिमामय गाउँ सभामा प्रस्तुत गर्न पाउँदा मैले ज्यादै गौरवको महसुस गरेको छु ।

स्थानीय सरकारको रुपमा हामिले यस गाउँपालिकाको बस्ति र वडाको आवश्यकता तथा माग बमोजिम कृषि, पर्यटन, पुर्वाधार, शिक्षा, स्वास्थ्य, आर्थिक, सांस्कृतिक लगायत समाजिक विकास गर्न उपलब्ध स्रोत र साधनको उच्चतम उपयोग गर्दै विकासको सम्भावनालाई उजागर गर्ने तर्फ केन्द्रित हुनेछौ । विकासका क्रियाकलापहरुमा यहाँहरु सबै स्थानीयवासी र जनप्रतिनिधिहरु बाट सहयोग, समन्वय, विश्वास, सद्भाव र सौहार्दपूर्ण वातावरण प्राप्त हुनेछ भन्ने विश्वास लिएका छौं ।

अध्यक्ष महोदय,
अब म लोमन्थाङ गाउँपालिकाको आगामी सोच, लक्ष्य, र उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

हाम्रो लोमन्थाङ गाउँपालिकाको सोच: समुन्नत भौतिक सामाजिक पूर्वाधार सहित सांस्कृतिक रुपमा मौलिक उत्कृष्ट पर्यटकिय गाउँपालिका बनाउने हाम्रो सोच रहेको छ । त्यसैगरी हाम्रो लक्ष्य: आन्तरिक आयको वृद्धि गर्दै मानविय तथा भौतिक विकासका पक्षमा ध्यान दिई आर्थिक विकासको आधार तय गर्ने तर्फ केन्द्रित हुनेछ । हाम्रो उद्देश्य: आम जनतालाई विकासका लाभ उपयोग गर्न सक्षम बनाई जनताको जिवनस्तर माथि उठाउने रहेको छ ।

**अध्यक्ष महोदय,**

हाम्रो गाउँपालिकामा विकासका संभाव्यता बोकेको प्राकृतिक सुन्दरता, जडिबुटि, जैविक विविधता भएकाले आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षित गरी आयआर्जन र रोजगारी बढाउन सकिने छ । पर्यटन प्रचार प्रसार मार्फत आन्तरिक र बाह्य पर्यटक भित्र्याई यस क्षेत्रमा विकासको मुल फुटाउन सकिनेछ ।

यस गाउँपालिकालाई कृषि बाली अन्तर्गत फापर र उवा तथा फलफुल बाली अन्तर्गत स्याउको पकेट क्षेत्रको रुपमा विकास गर्ने र पर्यटन उद्यानलाई बढावा दिन सामाजिक सांस्कृतिक मौलिक कला संस्कृतिको एवं ऐतिहासिक पुरातात्विक सम्पदाको संरक्षण, सुधार र विकास गर्नुपर्नेछ । साथै, विद्यमान होटल, लज, रेष्टुराबाट दिइने सेवा सुविधाहरु पर्यटकहरुको माग र चाहना बमोजिम गुणस्तरीय, स्वच्छ र भरपर्दो बनाउन पहल गर्नुपर्नेछ ।

**अध्यक्ष महोदय,**

अब आगामी आर्थिक वर्ष २०७४/७५ को लोमन्थाङ गाउँपालिकाले अवलम्बन गर्ने नीतिहरु संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**(क) आर्थिक विकास (कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी र वित्तिय क्षेत्र) तर्फ**

१) स्याउ खेतिको सम्भाव्यता अध्ययन गरी उपयुक्त स्थानमा खेति गर्न प्रोत्साहन प्रदान गरिनेछ
२) पशुपालन व्यवसायलाई थप व्यवस्थित बनाउन आधुनिक र व्यवसायिक पशुपालनका लागि आवश्यक व्यवस्था गरि बजारीकरणको व्यवस्था मिलाईने छ ।
३) उपभोक्ता हक हितका लागि खाद्य सुरक्षा सम्बन्धी जनचेतनामूलक अभियान कार्यक्रमलाई अघि बढाई बजार अनुगमन, मूल्यांकनलाई प्रभावकारी बनाइनेछ ।
४) पर्यटन व्यवसायलाई प्रवर्धन गर्न लोमन्थाङ स्वागत द्वार निर्माण गर्नका साथै यस ठाउँको अनुपम प्राकृतिक सुन्दरता र मौलिक संस्कृतिको प्रचार प्रसार गरिनेछ ।

**(ख) सामाजिक विकास, (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सस्कृतिक प्रर्वधन, लैङ्गिक समानता तथा समाजिक समावेशीकरण) तर्फ**

१) गुणस्तरीय, स्वच्छ, प्रतिस्पर्धात्मक अध्ययन अध्यापन प्रणालीलाई प्रर्वधन गर्न साविकको छोन्हुप गा.वि.स.का न्यून विद्यार्थी रहेका विद्यालयलाई एकिकृत (मर्ज) गरी किमलिङमा रहेको भृकुटी आधारभुत विद्यालय रहेको स्थानमा आवसिय स्वरुपको एउटै विद्यालय सञ्चालन गरिनेछ ।
२) भरपर्दो स्वास्थ्य सेवा प्राप्त गर्ने जनताको अधिकार सुनिश्चित गर्ने स्वास्थ्य चौकिहरुको संस्थागत सुधार गरिनेछ ।
३) स्वास्थ्य लगायत अन्य क्षेत्रका राष्ट्रिय अन्तर्राष्ट्रिय दिवस मनाउने व्यवस्था मिलाईनेछ । साथै कुष्टरोग तथा HIV Aids सम्बन्धी जनचेतनामूलक कार्यक्रम गरिनेछ ।
४) ऐतिहासिक पुरातात्विक धरोहरहरुको संरक्षण गर्ने उद्देश्यले परम्परागत रुपमा निर्मित गुम्बाहरुको संरक्षण र संर्वधन गर्दै लगिनेछ ।
५) आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सिमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी कार्यलाई अघि बढाइनेछ ।
६) महिला शसक्तिकरण र सामाजिक समावेशीकरणमा जोड दिई महिलाको क्षमता विकासका कार्यक्रमहरु लागु गर्दै लगिनेछ ।

७) फोहोर मुक्त लोमन्थाङ गाउँपालिका निर्माण गर्न गाउँ गाउँमा टोल सुधार समिति गठन गरि तालिम र आवश्यक सामाग्रि वितरण गरि जनसहभागिता मार्फत फोहोर व्यवस्थापन गरिनुका साथै उत्कृष्ट काम गर्ने टोल सुधार समितिलाई पुरस्कृत गरिनेछ ।

**(ग) पुर्वाधार विकास (सडक तथा पुल भवन) तर्फ**

१) सडक बिचमा पर्ने खोलाहरुमा मोटरेवल पुल निर्माण गरि आवागमनलाई सहज बनाइनेछ ।

२) कृषि भुमिमा सिंचाइ सुविधा उपलब्ध गराउन सिंचाइ आयोजना निर्माण र पुराना आयोजनाको मर्मत सम्भारको व्यवस्था गरिनेछ ।

३) पर्यटकिय गन्तव्यहरुमा सडक पुर्वाधारको विस्तारको व्यवस्था गरिनेछ । साथै किमलिङ पूल देखि नाम्ग्याल गाउँसम्मको बाटोमा दुइतर्फि नाला खन्ने र ग्रावेल गर्ने काम यसै वर्ष अगाडी बढाइनेछ ।

४) गाउँको सुन्दरतालाई बिग्रन नदिन सोलार वत्ति प्रसारण जमिन मुनीबाट गर्ने व्यवस्था गरिनेछ, साथै ग्रामिण विद्युतीकरणको काम अगाडी बढाइनेछ ।

**(घ) वातावरण तथा विपत व्यवस्थापन (वन तथा भू-संरक्षण, जलवायु परिवर्तन, फोहर मैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपत व्यवस्थापन, ) तर्फ**

१) विपद्मा परेका परिवारलाई पूर्ण तथा आंशिक क्षति भएका प्रति घर परिवारलाई तत्काल राहत उपलब्ध गराउन विपद् व्यवस्थान कोषको व्यवस्था गरिनेछ ।

२) गाँउपालिकामा आकस्मिक घट्न सक्ने घटनाहरुको उचित व्यवस्थापन गर्ने कार्यका लागि आकस्मिक कोषको व्यवस्था गरिनेछ ।

४) वस्ती नजिक रहेका खोलाहरुको जोखिम नियन्त्रण गर्दै गाँउ वस्ती संरक्षण गर्ने कार्य अघि बढाइनेछ ।

**(ङ) संस्थागत विकास तथा सेवा प्रवाह**

१) गाँउपालिका कार्यालयको लागि भवन निर्माण, वडा कार्यालयको भवन निर्माण र अन्य आवश्यक पुर्वाधार यसै आर्थिक वर्षमा सम्पन्न गरी कार्यालयहरुलाई पुर्वाधारयुक्त बनाउन बजेट विनियोजन गरिनेछ ।

२) स्थानीय तहको आर्थिक ऐन तथा विनियोजन ऐन स्वीकृत गरी कार्यान्वयनमा ल्याईनेछ । साथै गाँउ कार्यपालिकाको कार्यविभाजन र कार्य सम्पादन सम्बन्धी व्यवस्था गाँउकार्यपालिकाले स्वीकृत गरेको नियमावली बमोजिम हुनेछ ।

३) पर्यटन, कृषि, सिंचाई, सडक जस्ता केही आयोजनाहरु ज्यादै महत्वपूर्ण भएको तर हालको विनियोजित रकमबाट कार्य सम्पन्न गर्न सम्भव नहुने देखिएको हुँदा त्यस्ता आयोजनाहरुको Detail Project Report तयार गरी आगामी दिनहरुमा महत्वका साथ अघि बढाइने नीति लिइनेछ ।

**(च) वित्तिय व्यवस्थापन र सुशासन**

१) गाँउपालिकाको राजश्वका स्रोत र दायरालाई फराकिलो पार्न, प्राकृतिक स्रोतको पहिचान, संरक्षण, संर्वधन र उपयोग गर्न, गाँउपालिकाको गुरुयोजना तयार गर्न र आवश्यक कानुन निर्माण गर्न सम्बन्धित विषयका विज्ञहरुबाट परामर्श सेवा लिई सम्भाव्यता अध्ययन गरिनेछ ।

२) आन्तरिक श्रोतको दायरा फराकिलो पार्दै विकासका कार्यलाई गति प्रदान गर्न प्रचलित कानुनको अधिनमा रही गाँउकार्यपालिकाबाट अनुमोदन भई स्वीकृती प्राप्त भएको कर, शुल्क, दस्तुर, जरिवाना असुल गर्ने कार्य कडाइकासाथ लागु गरिनेछ ।

**अध्यक्ष महोदय,**

अब म आगामी आ.व.२०७४/०७५ को लागि प्रस्तावित आय व्यय विवरण पेश गर्ने अनुमति चाहन्छु ।

यस लोमन्थाङ गाउँपालिकाको आगामी आ.व. २०७४/०७५ मा उल्लेखित नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न आय तर्फ जम्मा रु.१४ करोड ४२ लाँख ९८ हजार विनियोजन गरेको छ । कूल विनियोजन मध्ये चालु तर्फ रु. २ करोड ९० लाखर चालु खर्च सशर्त तर्फ रु.३ करोड १ लाख ८१ हजार रहेको छ । पुँजीगत खर्च तर्फ ८ करोड ५१ लाख १७ हजार रहेको छ ।

आगामी आ.व. २०७४/०७५ का लागि खर्च व्यहोर्ने श्रोत तर्फ आन्तरिक राजश्वबाट रु. ८ लाख ७७ हजार, राजश्व बाँडफाँड (पर्वतारोहण रोयल्टी, विद्युत रोयल्टी ,पर्यटन रोयल्टी लगायत) बाट रु.७५ लाख ४० हजार, नेपाल सरकार वित्तिय समानीकरण अनुदान तर्फ १० करोड, यस चालु आवको बचत ५७ लाख, शसर्त अनुदान रु.३ करोड १ लाख ८१ हजार गरी जम्मा रु.१४ करोड, ४२ लाख ९८ हजार रहेको छ ।

क्षेत्रगत विकास तर्फ,

आर्थिक विकासमा कूल रु ३७ लाख, सामाजिक विकासमा १ करोड २१ लाख ५० हजार, पुर्वाधार विकासमा २ करोड ४४ लाख, वातावरण तथा विपद् व्यवस्थापनमा ६२ लाख, ,संस्थागत विकास तथा सेवा प्रवाह र सुशासनमा ३ करोड ८९ लाख ६७ हजार विनियोजन गरिएको छ ।

अन्तमा, यस आ.व. २०७४ ७५ को नीति, बजेट तथा कार्यक्रमको तर्जुमा प्रक्रियामा सहयोग पुर्याउनु हुने यस गाउँपालिकाका कार्यकारी अधिकृत श्री सुशिल कुमार अर्याल लगायत अन्य कर्मचारीहरु, सरकारी कार्यालयका प्रमुख ज्यूहरु, नागरिक समाजका अगुवाज्यूहरु, गाउँ सभाका सदस्यज्यूहरु र सम्पूर्ण गाउँपालीकाबासी दाजु भाइ तथा दिदि बहिनीहरुलाई धन्यवाद ज्ञापन गर्दै यस गाउँसभामा पाल्नु हुने सम्पूर्ण अतिथि गणहरुलाई धन्यवाद दिदै गाउँबासीका चाहाना र आवश्यकताहरुलाई यस वर्षको नीति बजेट तथा कार्यक्रमले केहि हद् सम्म भएपनि समेट्ने छ भन्ने आशा र विश्वास राख्दै मेरा नीति, बजेट तथा कार्यक्रमको मन्तव्य अन्त्य गर्न चाहन्छु । धन्यवाद !

उपाध्यक्ष
पेमा डोल्मा विष्ट
लोमन्थाङ गाउँपालीका
लोमन्थाङ, मुस्ताङ्ग ।

निर्णय नं. २

सहभागितामूलक योजना प्रक्रियाबाट आ.व.२०७४/०७५ को लागि बस्ति स्तरबाट छनौट भइ, वडा समितिबाट प्राथमिकिकरण भइ, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायत ६ वटा क्षेत्र हेर्ने समितिहरुमा व्यापक छलफल पश्चात विभिन्न समूहमा समूहकृत भई कार्यपालिका बैठकबाट स्वीकृत भई आएका नीति बजेट तथा कार्यक्रम यस गाउँसभाबाट स्वीकृत र अनुमोदन गर्ने निर्णय गरियो ।

संकेत नं./विषयगत शिर्षकः आर्थिक विकास

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | लक्ष्य | विनियोजन रु. | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| १ | सिंजालु पर्खाल निर्माण | लोमन्थाङ १ | | ३०००००१०० | | ३०००००१०० | | | | |
| २ | धार्चा खेतमा पर्खाल | लोमन्थाङ २ | | ४०००००१०० | | ४०००००१०० | | | | ३०००० |
| ३ | सम्जुङ नामशुङ खेतमा पर्खाल | लोमन्थाङ २ | | ४०००००१०० | | ४०००००१०० | | | | ४०००० |
| ४ | नाम्याल सर्कीलु देखि फोगंदुन सम्म कृषि सडक | लोमन्थाङ ३ | | २०००००१०० | | २०००००१०० | | | | ४०००० |
| ५ | पशुपालन क्षमता अभिवृद्धि | लोमन्थाङ ४ | | ३०००००१०० | | ३०००००१०० | | | | २०००० |
| ६ | स्याङ्गे खेति माटो परिक्षण र तालिम | लोमन्थाङ ४ | | १०००००१०० | | १०००००१०० | | | | |
| ७ | लुमेक खेत पर्खाल र गेट निर्माण | लोमन्थाङ ५ | | ७०००००१०० | | ७०००००१०० | | | | |
| ८ | मदाङ रिङमा पर्खाल निर्माण तथा मुहान मर्मत | लोमन्थाङ ५ | | ३०००००१०० | | ३०००००१०० | | | | ७०००० |
| ९ | पर्यटन पार्श्वचित्र | | | ५०००००१०० | | ५०००००१०० | | | | ३०००० |
| १० | स्वागत गेट फाउन्डेसन | लोमन्थाङ ५ | | ५०००००१०० | | ५०००००१०० | | | | ५०००० |
| | जम्मा | | | ३७००००० | ० | ३७००००० | ० | ० | ० | २८०००० |

विषयगत शिर्षक सामाजिक विकास

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | लक्ष्य | विनियोजन रु. | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| १ | फोहोर मैला व्यवस्थापन ,तालिम, सामाग्री र पुरस्कार | लोमन्थाङ गा.पा | | १०००००००।०० | | १०००००००।०० | | | | |
| २ | संस्कृति तथा भेषभुषा संरक्षण तालिम् र प्रोत्साहन | लोमन्थाङ गा.पा | | ५००००००।०० | | ५००००००।०० | | | | |
| ३ | महिला सशक्तिकरण [illegible] कार्यक्रम | लोमन्थाङ गा.पा | | ५००००००।०० | | ५००००००।०० | | | | |
| ४ | दिव्य दिप नवि बुस्ति विद्यालय संचालन | लोमन्थाङ १ | | ६००००००।०० | | ६००००००।०० | | | | |
| ५ | छोसेर स्वास्थ्य चौकि संस्थागत सुधार | लोमन्थाङ १ | | ५००००००।०० | | ५००००००।०० | | | | |
| ६ | गर्फु गुम्बा संरक्षण | लोमन्थाङ १ | | ५००००००।०० | | ५००००००।०० | | | | |
| ७ | निफु गुम्बा संरक्षण | लोमन्थाङ २ | | ५००००००।०० | | ५००००००।०० | | | | |
| ८ | नाम्ग्यालमा २ वटा स्नान गृह निर्माण सोलार सहित | लोमन्थाङ ३ | | ६००००००।०० | | ६००००००।०० | | | | ६०००० |
| ९ | ठिंगर महिला भवन फिनिसिगं | लोमन्थाङ ३ | | [illegible]००००००।०० | | ३००००००।०० | | | | ३०००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | नाम्याल गुम्बा | लोमन्थाङ ३ | | ५०००००।०० | | ५०००००।०० | | | | ५०००० |
| ११ | चुङजुङ खानेपानी योजना | लोमन्थाङ ४ | | ३५००००।०० | | ३५००००।०० | | | | ३५००० |
| १२ | छोन्हुप घुम्ति स्कुल | लोमन्थाङ ४ | | ५५००००।०० | | ५५००००।०० | | | | |
| १३ | महिला समुह भवन निर्माण | लोमन्थाङ ४ | | ५०००००।०० | | ५०००००।०० | | | | ५०००० |
| १४ | छोन्हुपका स्कुल किमलिङमा एकिकृत गर्न [illegible]न र पूर्वाधार | लोमन्थाङ ४ | | २९०००००।०० | | २९०००००।०० | | | | |
| १५ | छोन्हुप स्वास्थ्य चौकि संस्थागत सुधार | लोमन्थाङ ४ | | ५०००००।०० | | ५०००००।०० | | | | ५०००० |
| १६ | डिन्ले काच्युङ बस्ती खानेपानी तथा बाटो निर्माण | लोमन्थाङ ५ | | ३०००००।०० | | ३०००००।०० | | | | ३०००० |
| १७ | राष्टिय निमावि घुम्ति स्कुल | लोमन्थाङ ५ | | ५५००००।०० | | ५५००००।०० | | | | |
| १८ | छयोदो गुम्बा ग्रिनहाउस | लोमन्थाङ ५ | | ५०००००।०० | | ५०००००।०० | | | | |
| १९ | लोमन्थाङ स्वास्थ्य चौकि फर्निचर फ्रिज र भ्याक्सीन स्टोर | लोमन्थाङ ५ | | ५०००००।०० | | ५०००००।०० | | | | |
| | जम्मा | | | १२९५००००।०० | ० | १२९५०००० | ० | ० | ० | ३०५००० |

संकेत नं./विषयगत शिर्षकः पूर्वाधार विकास

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | लक्ष्य | विनियोजन रु. | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| १ | ग्रामिण विद्युतिकरण | लोमन्थाङ गा.पा. | | ४०००००००१०० | ४०००००००१०० | | | | | २००००० |
| २ | माने पेमा ल्हेचुङ पक्कि पूल | लोमन्थाङ १ | | २००००००१०० | | २००००००१०० | | | | ५०००० |
| ३ | गर्फु गुम्बा देखि डिफु गुम्बा सम्म रिङरोड | लोमन्थाङ १ | | ५००००१०० | | ५००००१०० | | | | ३०००० |
| ४ | माने पेमा देखि भाम्पा सम्म गोरेटो बाटो | लोमन्थाङ १ | | ३००००१०० | | ३००००१०० | | | | ३०००० |
| ५ | टिलिङ सिंचाइ | लोमन्थाङ १ | | ३००००१०० | | ३००००१०० | | | | १५००० |
| ६ | भर्मा सिंचाइ मर्मत | लोमन्थाङ १ | | १५०००००१०० | | १५०००००१०० | | | | २००००० |
| ७ | आर्का भार्चा पक्कि पूल | लोमन्थाङ २ | | २००००००१०० | | २००००००१०० | | | | ३००००० |
| ८ | त्यानोलमा पक्कि पूल | लोमन्थाङ २ | | ३००००००१०० | | ३००००००१०० | | | | ३५००० |
| ९ | आर्का सिंचाइ मर्मत मुहानमा च्याम्बर र ग्याबिन | लोमन्थाङ २ | | ३५०००००१०० | | ३५०००००१०० | | | | ३०००० |
| १० | ठिगर कुवा सिंचाई | लोमन्थाङ ३ | | ३००००००१०० | | ३००००००१०० | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | किमलिङ पूल देखि नाम्याल गाउ सम्म नाला खन्ने र ग्राबेल गर्ने | लोमन्थाङ ३ | | १८५००००१०० | | १८५००००१०० | | | | १८५००० |
| १२ | नाम्याल सिंचाइ मर्मत | लोमन्थाङ ३ | | ३००००००१०० | | ३००००००१०० | | | | ३०००० |
| १३ | न्याम्डो सिंचाइ कुलो मर्मत | लोमन्थाङ ४ | | १५०००००१०० | | १५०००००१०० | | | | १५०००० |
| १४ | धमेला चुङजुङ मोटर बाटो | लोमन्थाङ ४ | | ७००००००१०० | | ७००००००१०० | | | | ७०००० |
| १५ | किमलिङ सिंचाइ कुलो निर्माण | लोमन्थाङ ४ | | ५००००००१०० | | ५००००००१०० | | | | ५०००० |
| १६ | न्याम्डो सामुदायिक भवन | लोमन्थाङ ४ | | १५०००००१०० | | १५०००००१०० | | | | १५०००० |
| १७ | चुङजुङ सामुदायिक भवन | लोमन्थाङ ४ | | १५०००००१०० | | १५०००००१०० | | | | १५०००० |
| १८ | छ्योजुगं गुम्बा जाने मोटर बाटो निर्माण र मर्मत | लोमन्थाङ ५ | | १००००००१०० | | १००००००१०० | | | | १००००० |
| १९ | सोलार बत्ति अण्डरग्राउन्ड | लोमन्थाङ ५ | | १५००००१०० | | १५००००१०० | | | | |
| २० | मोटरेबल पुल ढोपलो | लोमन्थाङ ५ | | २५०००००१०० | | २५०००००१०० | | | | २५०००० |
| | जम्मा | | | २४४००००० | ४०००००० | २०४००००० | ० | ० | ० | २०२५००० |

संकेत नं./विषयगत शिर्षक: संस्थागत विकास, सेवा प्रवाह र सुशासन

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | लक्ष्य | विनियोजन रु. | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| १ | गाउपालिका भवन निर्माण | लोमन्थाङ गा.पा | | १०००००००।०० | | १०००००००।०० | | | | |
| २ | ५ वटा वडा कार्यालय पुर्नंधार | लोमन्थाङ गा.पा | | ४५०००००।०० | | ४५०००००।०० | | | | |
| ३ | आकस्मिक कोष | लोमन्थाङ गा.पा | | १५०००००।०० | १५०००००।०० | | | | | |
| ४ | पुजिगत अनुसन्धान तथा परामर्श | लोमन्थाङ गा.पा | | १०००००००।०० | | १०००००००।०० | | | | |
| ५ | गाउपालिका पार्श्वचित्र | लोमन्थाङ गा.पा | | ५०००००।०० | ५०००००।०० | | | | | |
| ६ | पूजिगत मैपरी | लोमन्थाङ गा.पा | | १३१७०००।०० | १३१७०००।०० | | | | | |
| ७ | गाउपालिका फर्निचर तथा मेशिनरी | लोमन्थाङ गा.पा | | २५०००००।०० | १०००००।०० | २४०००००।०० | | | | |
| ८ | १ नं. वडा कार्यालय पुर्ण गर्ने | लोमन्थाङ १ | | २००००००।०० | | २००००००।०० | | | | २००००० |
| ९ | २ नं. वडा कार्यालय पुर्ण गर्ने | लोमन्थाङ २ | | २००००००।०० | | २००००००।०० | | | | २००००० |
| १० | ३ नं. वडा कार्यालय निर्माण | लोमन्थाङ ३ | | ३५०००००।०० | | ३५०००००।०० | | | | ३५०००० |
| ११ | ४ नं. वडा कार्यालय निर्माण | लोमन्थाङ ४ | | ३५०००००।०० | | ३५०००००।०० | | | | ३५०००० |
| १२ | ५ नं. वडा कार्यालय निर्माण | लोमन्थाङ ५ | | ४९०००००।०० | | ४९०००००।०० | | | | ४९०००० |
| १३ | ४ वटा वडा कार्यालयलाई मोटरसाइकल | लोमन्थाङ गा.पा | | ११०००००।०० | | ११०००००।०० | | | | |
| १४ | इलाका प्रशासन हटरूम निर्माण | लोमन्थाङ ५ | | ३०००००।०० | | ३०००००।०० | | | | |
| १५ | लोमन्थागं प्रहरी चौकि | लोमन्थाङ २ | | ५००००।०० | | ५००००।०० | | | | |
| | जम्मा | | | ३८६६७००० | ३४१७००० | ३५२५०००० | ० | ० | ० | १५९०००० |

चालु तर्फ

रू हजारमा

| शीर्षक | आ.व.2072/७३ को यथार्थ | आ.व.2073/७४ को संशोधित अनुमान | आ.व.2074/७५ को अनुमान | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| **चालु खर्च** | ० | ० | २९००० | ८७७ | २८१२३ | ० | ० | | ० |
| तलब कर्मचारी | | | ९१०० | | ९१०० | | | | |
| पदाधिकारी तलब भत्ता | | | २८०० | ८७७ | १९२३ | | | | |
| कर्मचारी कल्याण कोष | | | ० | | ० | | | | |
| विमा प्रिमियम | | | १०० | | १०० | | | | |
| महंगी भत्ता | | | ३०० | | ३०० | | | | |
| अन्य भत्ता तथा कर्मचारी प्रोत्साहन | | | ३००० | | ३००० | | | | |
| भ्रमण खर्च | | | १००० | | १००० | | | | |
| पोशाक | | | ३६० | | ३६० | | | | |
| पानी तथा विजुली | | | १०० | | १०० | | | | |
| सन्चार महशुल | | | २०० | | २०० | | | | |
| कार्यालय सम्बन्धी खर्च | | | ७५० | | ७५० | | | | |
| भाडा | | | ३०० | | ३०० | | | | |
| इन्धन अन्य प्रयोजन | | | २०० | | २०० | | | | |
| सवारी इन्धन | | | ३५० | | ३५० | | | | |
| विविध खर्च | | | १००० | | १००० | | | | |
| मर्मत तथा सम्भार | | | ५०० | | ५०० | | | | |
| अनुगमन मुल्याङकन खर्च | | | १००० | | १००० | | | | |
| परामर्श तथा अन्य सेवा शुल्क | | | १५०० | | १५०० | | | | |
| सार्वजनिक सुनुवाई | | | ३०० | | ३०० | | | | |
| सिप विकास, जनचेतना, तालिम तथा गोष्ठि | | | १७०० | | १७०० | | | | |
| कर्मचारी तथा पदाधिकारी क्षमता अभिवृद्धि | | | ३००० | | ३००० | | | | |
| कार्यक्रम खर्च र अन्तर जिल्ला भ्रमण | | | १४४० | | १४४० | | | | |

निर्णय नं. ३

राजस्व परामर्श समितिबाट आ.व.२०७४/०७५का लागि सिफारिस भएको र कार्यपालिबाट स्वीकृत भई गाउँसभामा पेश हुन आएका देहायका दररेटका करका दरहरु, दायरा, श्रोत र क्षेत्र तथा आय प्रस्तावहरु स्वीकृत गरी कार्यान्वयनमा लेजाने निर्णय गरियो ।

| शिर्षक | अनुमानीत कर | कैफियत |
|---|---|---|
| सिफारीस दस्तुर | ३००००।०० | प्रती सिफरिस १०० |
| मालपोत संकलन | ३००००।०० | प्रति रोपनी ५० |
| सुचना प्रवाह कर | १०००।०० | सिडि५०,डिभिडि १००,प्रति पेज रू५ |
| टेन्डर बिक्री | ७००००।०० | |
| घरबहाल कर | १००००।०० | स्व घोषणाको आधारमा २ प्रतिशत |
| आय प्रमाणित | ८०००।०० | ०.०५प्रतिशत |
| सम्पत्ती मुल्याङकन | १५०००।०० | ०.०२५प्रतिशत |
| विविध आय | ५०००।०० | |
| होटल तथा व्यवसाय कर | ३२००००।०० | |
| उद्योग व्यवसाय कर | ४००००।०० | |
| मेशिनरी औजार तथा सवारी साधन कर | ७३०००।०० | |
| पशु तथा कृषिजन्य कर | १०००००।०० | |
| मनोरन्जन कर | ५००००।०० | |
| पार्किङ शुल्क | ५००००।०० | |
| नक्सा पास बापत | ५०००।०० | |
| घर जग्गा कर | ७००००।०० | |
| | ८७०००।०० | |

| क्र स | राजस्व बाडफाबाट प्राप्त हुने आय | | |
|---|---|---|---|
| | शिर्षक | अनुमानीत कर | कैफियत |
| १ | घरजग्गा रजिष्ट्रेशन कर | ३०००००।०० | जि.स.स. मार्फत प्राप्त हुने |
| २ | सवारी साधन कर | ६५०००।०० | |
| ३ | कृषि तथा जडिबुटी कर | ८००००।०० | |
| ४ | पशु कर | २४००००।०० | |
| ५ | ढुगां गिटी बालुवा | २५५०००।०० | |
| ६ | पर्यटन रोयल्टी | ३००००००।०० | |
| ७ | विद्युत रोयल्टी | ३००००००।०० | |
| ८ | पर्वतारोहण रोयल्टी | ६०००००।०० | |
| | | ७५४००००।०० | |

तपसिल बमोजिमका करहरू तपसिल बमोजिम संकलन गर्ने

- २० कोठा र सोभन्दा बढि भएका होटलहरू रू. १५०००
- १० देखि १९ कोठासम्म भएका होटलहरू रू. ७५००
- ६ देखि १० कोठासम्म भएका होटलहरू रू. ३०००
- होलसेल किराना पसलहरू रू. १००००
- किराना पसलहरू रू. ५०००
- सोविएनेर पसल रू. ५०००
- चियापसल, रेष्टुरेण्ट, खुद्रा पसल, स्टेशनरी तथा विभाजनमा नपरेका अन्य सबै साना व्यवसायहरू रू.३०००
- ब्लक उद्योग, ग्यारेज, शोरुम, ग्रिल उद्योग रू. ३०००
- फर्निचर उद्योगहरू रू. ४०००
- थ्रेसर, कुटानी पिसानी मिलहरू रू. १००००
- मेशिनरी तथा सवारी साधनहरू
  - एक्साभेटर (चेन भएको) रू. १००००
  - जे.सि.वी. (टायर भएको) रू. ५०००
  - ट्रक, टिप्पर, बस रू. ३०००
  - जीप (हरियो र कालो प्लेट भएको) रू. २०००
  - ट्रयाक्टर रू. १५००
- व्यवसायिक पशु तथा कृषि (व्यवसायका रूपमा संचालन गरिएका पशु गोठ तथा कृषि)
  - भेडा, च्याङ्ग्रा आदि प्रति गोठ रू. २०००
  - याक, चौरी आदि प्रति गोठ रू. ३०००
  - घोडा प्रति वटा रू. १००
  - स्याउ, आलु खेति प्रति रोपनिका दरले रू. ३००
- मनोरञ्जन कर (गाउँपालिकाको क्षेत्रभित्र चलचित्र, डकुमेन्ट्रि, भिडियो छायाँकन गरे बापत)
  - स्वदेशि छायाँकन रू. ५०००
  - विदेशि छायाँकन रू. १००००
- पार्किङ शुल्क (गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सवारी साधन पार्किङ गर्ने स्थानको व्यवस्थापन गरे पश्चात तपशिल बमोजिमको कर संकलन ठेकदार मार्फत गर्ने)
  - २४ घण्टासम्मको पर्किङको लागि
    - ट्रक, बस, ट्रयाक्टर, डोजर, लोडर आदि रू. ३०
    - जीप, कार, भ्यान रू. २०
    - मोटर साइकल रू. १०
  - पटके सवारी कर (छोटो समयको लागि पार्किङ गरे बापत)
    - ट्रक, बस, ट्रयाक्टर, डोजर, लोडर आदि रू. २०
    - जीप, कार, भ्यान रू. १०

- मोटर साइकल रू. ५
- घर जग्गा कर
  - सामान्य खालको आवाशीय घरको लागि रू. ५०
  - मध्यम खालको आवाशीय घरको लागि रू. १००
  - व्यवसायीक घरको लागि रू. २००
- विगत आ.व. हरूमा संकलन गर्दै आएको मालपोत शुल्कको दयारा फराकिलो पर्दै राजश्व संकलनका क्रममा मालपोत शुल्क न्युनतम (१ रोपनी) रू ५०.०० र १ रोपनि भन्दामाथि प्रति रोपनि रू ५०.०० का दरले गुणा गरी संकलन गर्ने ।
- गाउँपालिका भित्र निर्माण गर्न लागिएका भवन, घर आदिको नक्सा यस कार्यालयबाट पास गराएर मात्र निर्माण कार्य शुरु गर्ने र सो वापत प्रति स्क्वायर फीट रू. ५ का दरले नक्सा पास कर निर्धारण गर्ने ।

**निर्णय नं. ४**

लोमन्थाङ गाउँपालिकाको आ.व.२०७४/०७५ समानीकरण अनुदानतर्फको, सर्शत अनुदान तर्फको विनियोजित रकम स्वीकृत गर्ने निर्णय गरियो । साथै अनुसूचि १ आय व्ययको विवरण, अनुसूचि ३ व्ययको अनुमान, अनुसूचि ५ क्षेत्रगत व्यय अनुमान लगायत सात वटै अनसूचिहरुमा विनियोजित कार्यक्रम र रकमेका स्वीकृत गर्ने निर्णय गरियो । साथै सशर्त अनुदानको रकम विषयगत मन्त्रालयको शर्त बमोजिम खर्च गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

लोमन्थाङ गाउँपालिकामा प्राप्त हुन आउने ५० लाख भन्दा तलका कार्यक्रमहरु तथा सांसद विकास कोषको रकम र अन्य निकायबाट प्राप्त हुन आउने रकम वडाको माग बमोजिम प्राथमिकिकरण गरी कार्यान्वयन गर्दै जाने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

गाउँ कार्यपालिकाको बैठकबाट अनुमोदन तथा स्वीकृत भएका निर्णयहरु गाउँसभाबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

गाउँकार्यपालिकाले आफ्नो कार्य सम्पादन गर्ने सम्बन्धमा कतिपय निर्णयहरु तत्काल लिनुपर्ने भएकाले त्यस्ता प्रकृतिका काम कारवाहिको सम्बन्धमा कार्यपालिकाबाट निर्णय र कार्यान्वयन गरी आगामी गाउँसभाबाट अनुमोदन तथा स्वीकृत गराउने गरी गाउँकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को बुँदा नं. ३५ मा गाउँपालिकाको लागि उल्लेखित न्यूनतम कर्मचारीका पदहरु तथा एक हलुका सवारी चालक समेतको पद स्वीकृत गर्ने निर्णय गरियो ।

<u>गाउँपालिकामा</u>

| | |
|---|---|
| १ कार्यकारी अधिकृत (शाखा अधिकृत) | १ |
| २. इन्जिनियर (सिभिल जनरल) | १ |
| ३. कम्प्युटर इन्जिनियर/अधिकृत | १ |
| ४.नायव सुब्बा | १ |
| ५.लेखापाल | १ |
| ६. सब इन्जिनियर (सिभिल जनरल) | २ |

७. कार्यालय सहयोगी २
८. विभिन्न सरकारी सेवा तथा निकायबाट खटी आएका कर्मचारीहरु
( इन्जिनियर,सब इन्जिनियर र कम्प्युटर इन्जिनियरले वडाको समेत प्राविधिक काम गर्ने ।)

**गाउँपालिकाको वडामा**

१. वडा सचिव १
२. प्रशासन तथा लेखा सहायक १
३.कार्यालय सहयोगी १
४.विभिन्न सरकारी सेवा तथा निकायबाट खटी आएका कर्मचारीहरु

**निर्णय नं. ९**

विनियोजन ऐन तथा आर्थिक ऐन स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. १०**

नेपाल सरकारबाट प्राप्त कानून नमूनाको रुपमा स्थानीय निकायलाई प्राप्त भएका मार्गदर्शनहरु स्थानीय परिवेश र आवश्यकता बमोजिम बनाई लागु गर्दै लैजान गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ११**

पुर्ण सरसफाई र लैङ्गिक सशक्तिकरणका कार्यक्रमहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वियनको व्यवस्था मिलाउन गाउँकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

विपद् व्यवस्थापन कोषबाट खर्च गर्दा पूर्ण क्षति भएमा रु. १५ हजार र आंशिक क्षति भएमा रु. ५ हजार प्रति घर परिवारलाई तत्काल राहत स्वरुप सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १८**

गाउँ सभा संम्पन्न गर्न खर्च भएका पदाधिकारीको बैठक भत्ता तथा यो गाउँ सभा सम्म भएका कार्यालयगत आम्दानी र खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

लोमन्थाङ देखि नाम्‍याल खेत सम्म कोलुगें पूल निर्माणका लागि केन्द्रमा बजेट माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

यस गाउँपालिकामा सञ्चालित छोन्हुपका छ वटा विद्यालयलाई एकिकृत गरि सञ्चालन गरिने हुँदा उक्त विद्यालयका विद्यार्थीका लागि हिमाली छात्रवृत्ति माग गर्ने निर्णय गरियो ।